# स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

**SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.**

दर्ता नं.: ११५७/०६६/०६७
केन्द्रिय कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
टेलिफोन नं.: ०११-६६१०६०
फ्याक्स नं.: ०११-६६१०६०
Email: info@slbbl.com.np


च.न. ५४३/०७७/०७८ मिति : २०७७/११/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा , काठमाण्डौ ।

विषय :- बार्षिक साधारण सभा तथा शेयरधनी दाखिल खारेज बन्द रहने जानकारी संम्बन्धमा ।

महोदय,

उपरोक्त संम्बन्धमा यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७ फाल्गुण ७ गते बसेको संचालक समितिको २१५ औं वैठकको निर्णयानुसार मिति २०७७/११/२९ गते हुन गई रहेको बाऱ्हौ वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७/११/१५ गते देखि मिति २०७७/११/२८ गतेसम्म शेयरधनी दाखिल खारेज बन्द गरिने ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

नगद लाभांश प्रतिशत : ०.६५२१४२१९५९०५१३३% (दशमलब छ पांच दुई एक चार दुई एक नौ पांच नौ शुन्य पांच एक तीन तीन प्रतिशत) बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि
बोनश शेयर प्रतिशत : १२.३९०७०१७% (बाऱ्ह दशमलब तीन नौ शुन्य सात शुन्य एक सात प्रतिशत मात्र)
बार्षिक साधारण सभाको मिति : २०७७ फाल्गुण २९ गते शनिबार (तदनुसार १३ मार्च, २०२१ ई.सं.)
बार्षिक साधारण सभा हुने स्थान :- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ

संलग्न : २०७७ /११/०८ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक र २०७७/११/०९ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित साधारण सभा संम्बन्धि सूचना ।

बोधार्थ,
१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
२. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिंङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
४. श्री एनएमबी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ ।

भवदीय,

मनोज कृष्ण उप्रेती

कम्पनी सचिव

"स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको"

# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रिय कार्यालय बनेपा-५, काभ्रेपलाञ्चोक

फोन नं. ०११-६६१०६०/इमेल : Info@slbbl.com.np


## बाह्रौं वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :-२०७७/११/०८ गते**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/११/०७ गते बसेको संचालक समितिको २१५औं बैठकको निर्णय अनुसार यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.को बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** :-२०७७ फाल्गुण २९ गते शनिबार (तदनुसार १३ मार्च, २०२१ ई.सं.)

**समय** :- दिनको ११:३० बजे

**स्थान** :- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ

### छलफलका विषयहरु

**साधारण प्रस्तावहरु**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनूसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.ब २०७७/०७८ को लेखा परिक्षण गर्नकालागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी (स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरे पश्चात कायम हुन आएको कुल चुक्ता पूंजी रु. ३६,५९,३७,१२०/-) को ०.६५२१४२१९५९०५१३३% ले हुन आउने रु. २३,८६,४३०/३७ नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको हाल कायम चुक्ता पूंजी रु. ३६,५९,३७,१२०/- को १२.३९०७०१७% को दरले हुने रु. ४,५३,४२,१७७/- बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) वित्तीय संस्थाको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि गर्ने र सोही वमोजिंम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संम्बन्धमा ।

३) वित्तीय संस्थाको मिति २०७६/०४/११ गते सम्पन्न विशेष साधारण सभाबाट पारीत प्रस्ताव नं. २, मिति २०७६/०८/२८ गते सम्पन्न एघारौं वार्षिक साधारण सभाबाट पारीत विशेष प्रस्ताव नं. ३ र मिति २०७७/०४/१० गते सम्पन्न विशेष साधारण सभाबाट पारीत प्रस्ताव नं. ६ माथि छलफल गरी आवश्यक निर्णय लिने संम्बन्धमा ।

४) अध्यक्ष तथा सञ्चालकहरुको संचार खर्च, पत्रपत्रिका खर्च, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च संशोधन गर्ने र सोही बमोजिंम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, संम्पत्ती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवंम प्राप्तीसंग संम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिंमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने संम्बन्धमा ।

६) प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नकालागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।

७) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### बाह्रौं वार्षिक साधारण सभा सम्बन्धि थप जानकारी

१) बाह्रौं वार्षिक साधारण सभाको लागि २०७७/११/१५ गतेदेखि २०७७/११/२८ गतेसम्म शेयर दाखिल खारेज बन्द हुनेछ । साथै २०७७/११/१३ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई तोकिएको समय भित्रमा नामसारी भएका व्यक्तिहरु साधारण सभा तथा बोनस शेयरको लागि योग्य हुनेछन ।

२) साधारण सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने हितग्राही खाता खोलिएको डिम्याट/शेयर प्रमाणपत्र वा नागरिकता वा अन्य कागजातलिई आईदिनुहुन अनुरोध छ । वित्तीय संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा वित्तीय संस्थाको आधिकारिक पत्र पेश गर्नु पर्नेछ ।

३) बाह्रौं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाईने छ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त गर्न नसक्नु हुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेबसाईटमा पनि हेर्न सक्नुहुनेछ । साथै वित्तीय संस्थाको केन्द्रिय कार्यालय बनेपा-५ काभ्रेपलाञ्चोक, वित्तीय संस्थाको शेयर रजिष्ट्रारको कार्यालय एनएमबी क्यापीटल लि. नागपोखरी र सभा हुने दिनमा सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

४) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि प्रोक्सि नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सि फाराममा साधारण सभा हुनु भन्दा कम्तीमा अड्चालिस घण्टा अगावै साधारण सभा हुने हलमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्ति गरीएको व्यक्ति समेत वित्तीय संस्थाको शेयर धनी हुनु आवश्यक छ ।

५) प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सि दिइसकेको भए पनि त्यस्तो प्रोक्सि बदर हुनेछ ।

६) नाबालक वा बिक्षिप्त शेयरधनीहरुको तर्फबाट संरक्षक स्वयमले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत पाउनेछन् । शेयरधनीको लगत किताबमा संरक्षकको रुपमा नाम उल्लेख भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

७) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० वजे देखि खुल्ला रहनेछ ।

८) साधारण सभामा भाग लिन आउँदा जाँदा लागेका खर्च लगायत अन्य कुनै प्रकारको खर्चको सोधभर्ना वित्तीय संस्थाबाट उपलब्ध नहुने व्यहोरा अनुरोध छ ।

९) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको संम्बन्धमा कुनै जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रुपमा सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

११) यस वित्तीय संस्थाले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरि एकिकृत कारोबार गरिसकेको र जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडको समायोजित चुक्ता पुंजी पनि नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई सकेकोले प्रचलित ऐन तथा कानुनी ब्यबस्था अनुसार बुक क्लोज मिति सम्म शेयरधनी किताबमा दर्ता कायम रहेका शेयरधनीहरुलाई लाभांश वितरण गर्नु पर्ने व्यबस्था अनुसार प्रस्तावित बोनश शेयर १३.२७% समायोजन भई १२.३९०७०१७% कायम हुन पुगेको ब्यहोरा जानकारीको लागी अनुरोध छ ।

१२) अन्य थप जानकारी चाहिएमा यस लघुवित्त वित्तीय संस्था लि.को केन्द्रिय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।